प्र.जि.अ.का.कार्यालय द.नं. २६/०३२/४०
ह.जि.द.नं. : ९७/०८०/०८१

जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : २९ ■ २०८३ कार्तिक २९ गते आइतबार ■ Sunday, 15 Nov. 2026 ■ मूल्य रु. ७।-

विपतको पूर्व तयारीमा जुटौं

- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफवाहको पछि नलागौं आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपालको राजनीति र अबको बाटो

विमल लामिछाने

दमक/ नेपालको राजनीति अहिले एउटा गम्भीर ऐतिहासिक मोडमा उभिएको छ। पञ्चायती व्यवस्थाको अन्त्यदेखि बहुदलीय प्रजातन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा तय गर्दा व्यवस्था परिवर्तनका लागि अनगिन्ती संघर्ष र आन्दोलनहरू भए । संविधान बन्यो, नागरिकले आफ्ना प्रतिनिधि चुन्ने अधिकार पाए र तीन तहका सरकारहरू पनि गठन हुँदै आए । तर, यी राजनीतिक एवं सैवैधानिक उपलब्धिका बावजुद आम नागरिकको जीवनस्तरमा सोहीअनुरूपको परिवर्तन आउन नसक्नु आजको राष्ट्रिय विडम्बना बनेको छ। राजनीतिक प्रणाली फेरिए पनि शासन गर्ने शैली, सोच र प्रवृत्ति नबदलिँदा नागरिकमा गहिरो निराशा पैदा भएको छ, जसले वर्तमान राजनीतिलाई नयाँ दिशवतर्फ धर्केलिरहेको छ।

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रजस्ता ऐतिहासिक दलहरूको योगदान नेपालको लोकतान्त्रिक आन्दोलनमा अविस्मरणीय छ। तर, इतिहासमा गरेका त्याग र योगदानको वैसाखी टेकेर मात्र वर्तमानमा जनताको विश्वास पाइरहन सकिँदैन। यो विषयलाई आज यी दलहरूले आत्मसात गर्न सकेका छैनन्। वर्षौंदेखिका उही अनुहार, सत्ताका लागि हुने अनन्त गठबन्धन, पदको भागबन्डा र एकले



अर्कोलाई सत्तामा टिकाउने वा गिराउने खेलले देशका आधारभूत समस्याहरूलाई ओझेलमा पारेको छ। लाखौं युवाहरू विदेसिन बाध्य हुनु, किसानले पसिनाको मूल्य नपाउनु र सर्वसाधारणले सामान्य सरकारी

॥ समाचार विश्लेषण ॥

सेवा लिन पनि सास्ती भोग्नुपर्ने अवस्थाले पुराना दलहरूपतिको जनविश्वासलाई निरन्तर गिज्याइरहेको छ।

परम्परागत दलहरूको यही असफलता र कमजोरीका कारण नेपाली राजनीतिमा नयाँ शक्ति र युवा नेतृत्वप्रतिको आकर्षण बढेको छ। जनताले अब भाषणभन्दा काम, आश्वासनभन्दा परिणाम र नाराभन्दा व्यवहार खोज्न थालेका छन्। तर, नयाँ राजनीतिक शक्ति वा विकल्प आउँदैमा देशका सबै समस्या स्वतः हल हुँदैनन्। लोकप्रियता र सामाजिक सञ्जालको क्षणिक समर्थनलाई मात्र सफल राजनीतिको आधार मान्नु गलत हुन्छ। चुनाव जित्ने जनताको सहानुभूति र विश्वास आवश्यक पर्छ भने, सरकार चलाउन र देशको कायापलट गर्न प्रशासनिक अनुभव, राजनीतिक परिपक्वता, संस्थागत क्षमता र दृढ इच्छाशक्ति अपरिहार्य हुन्छ। यदि नयाँ नेतृत्वले पनि पुरानै शैली र सत्ताकेन्द्रित मोह दोहोरिन दियो भने जनताको आशा पुनः निराशामा बदलिने खतरा उत्तिकै रहन्छ।

आजको बदलिँदो चेतनाले राजनीतिलाई नयाँ मापदण्डबाट हेर्न थालेको छ। युवापुस्ता अब कुनै दलको अन्धभक्त भएर भन्डा बोक्न तयार छैन। युवा पुस्ता स्वदेशमै रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र पारदर्शी शासन व्यवस्था खोज्छ। सामाजिक सञ्जालमार्फत नेताहरूको हरेक निर्णय र कार्यसम्पादनको निगरानी गर्ने यो पुस्ताको सचेतता सकारात्मक हो।

सुशासनको सबैभन्दा ठूलो परीक्षा भ्रष्टाचार नियन्त्रण हो। विकासका नाममा बजेट फ्रिज हुने, समयमा ठेक्का नलाग्ने र राजनीतिक पहुँचका आधारमा अवसर बाँडिने वेथिति अन्त्य नभएसम्म देश आर्थिक रूपमा उँभो लाग्न सक्दैन।

बाँकी ४ पेजमा ▸▸

मधेसका मुख्यमन्त्रीले दिए राजीनामा

दमक/ मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिएका छन्। प्रदेशसभाबाट विश्वासको मत पाउने अवस्था नरहेपछि मुख्यमन्त्री यादवले शुक्रवार पदबाट राजीनामा दिएका हुन्।

विश्वासको मत लिने प्रयोजनका लागि बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै उनले राजीनामाको घोषणा गरेका हुन्। प्रदेशसभाको अंकगणितमा अल्झिएर पदमा वस्नुभन्दा जनताको सेवा र विश्वासलाई प्राथमिकता दिँदै राजीनामा दिएको उनले बताएका छन्।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा (एमाले)का चार मन्त्रीले गत २५ असोजमा सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए। त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीका चार मन्त्रीले २० कात्तिकमा राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए।

दुई दलले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव नेतृत्वको सरकार अल्पमतमा परेको थियो। विश्वासको मत प्राप्त गर्ने अवस्था नरहेपछि उनले पदबाट राजीनामा दिएका हुन्।

मुख्यमन्त्री यादवको राजीनामासँगै मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने भएको छ। तर, अब कुन दलको नेतृत्वमा सरकार गठन हुने भन्ने टुङ्गो लागेको छैन। एक सय सात सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सदस्यको समर्थन आवश्यक पर्छ।

मोरङका १२७ स्थानमा प्रहरी परिचालन

उर्लाबारी / *छठ पर्वका अवसरमा नदी, खोला, नहर र पोखरीमा हुने श्रद्धालुको भीड व्यवस्थापन तथा सम्भावित चोरी र दुर्घटना रोक्न मोरङका १२७ स्थानमा सुरक्षाकर्मी परिचालन गरिने भएको छ ।*

जिल्ला सुरक्षा समितिको शुक्रवार बसेको बैठकले छठ पूजाका लागि श्रद्धालु पुग्ने जलाशय र ती स्थानसम्म जाने मार्गमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी खटाउने निर्णय गरेको हो । धार्मिक अनुष्ठानका लागि घरबाट बाहिरिने हरूको समयमा हुनसक्ने चोरीलगायतका घटनालाई समेत सुरक्षा योजनामा समेटिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सरोजराज कोइरालाका अनुसार विराटनगरका सिंघिया र केसलिया नदी, सुनसरी-मोरङ सिंचाइ आयोजनाको नहर तथा जिल्लाका प्रमुख नदी, खोला र तालपोखरीमा सुरक्षाकर्मी परिचालन हुनेछन् । ती क्षेत्रमा जनपद प्रहरी र सशस्त्र प्रहरीका टोलीले सुरक्षा व्यवस्था मिलाउनेछन् ।

यसैबीच, जिल्ला सुरक्षा समितिले छठ पर्व मनाउँदा अनावश्यक तडकभडक नगर्न र जलाशयमा सावधानी अपनाएर मात्र जल अर्पण गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । नदी तथा पोखरीमा जानुअघि पानीको बहाव बुझ्न र त्यसअनुसार मात्रै बालबालिका तथा ज्येष्ठ नागरिकलाई लैजान अनुरोध गरिएको छ ।

पानीमा प्रवेश गर्दा एक्लै नजान र समूहमा जाँदा एकअर्कालाई हातले समातर सकिने दूरी कायम गर्न पनि समितिले आग्रह गरेको छ ।

लिम्बूको हत्या अभियोगमा भुजेल पक्राउ

इलाम/ इलाम नगरपालिका-१२ बान्द्रेस्थित खोल्सीमा ६६ वर्षीया जितमती लिम्बू मृत फेला परेको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

प्रारम्भिक अनुसन्धानमा मृतकको कानमा चोट लागेको र कानमा लगाएको सुनको माडवारी र मोबाइल फोन हराएको पाइएको थियो।

घटनालगत्तै फरार भई भारतको मिरिकेमा लुक्दै बसेका अभियुक्त तिहार मनाउन नेपाल फर्कने क्रममा पक्राउ परेका हुन्।

७० वर्षीय वृद्धको आगलागीमा परेर मृत्यु

खोटाङ/ साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाका ७० वर्षीय धिरजबहादुर राईको आगलागीमा परेर ज्यान गएको छ। परिवारदेखि छुट्टिएर एक्लै बाँझेच्यानडाँडाको रातमाटेस्थित गोठमा बस्दै आएका वृद्ध राई बुधबार गोठमा मृत फेला परेका हुन्।

करिब एक वर्षदेखि गोठमा बसेर सुन्तलाखेती र सुगुरपालन गर्दै आएका राई आफैले अगेनामा बालेको आगो गोठमा सल्किँदा जलेर उनको मृत्यु भएको हुनसक्ने अनुमान गरिएको वडाध्यक्ष हेमन राईले जानकारी दिए।

"दुई छोरा र दुई छोरीका बुबा धिरजबहादुर राई विगत एक वर्षदेखि एक्लै गोठमा बस्दै आउनुभएको थियो। घरदेखि टाढा रहेको बारीमा गोठ बनाएर बस्नुभएका उहाँ

बाँकी ४ पेजमा ▸▸

'मधेसमा परिवर्तन सम्भव छ'



दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले मधेशका जनताले यसपटक दिएको जनमतअनुसार परिवर्तन महशुस गराउन नसके आगामी निर्वाचनमा भोट माग्न नजाने घोषणा गरेका छन्। शनिवार छठ पर्व मनाउन जनकपुरधाम पुगेका लामिछानेले विमानस्थलमा सञ्चार कर्मीसँग कुरा गर्दै मधेसी जनताको आशा र विश्वासलाई निराशामा बदल्न नहुने बताए।

उनले वर्तमान अवसर कुनै व्यक्तिको राजनीतिक प्रगतिका लागि नभई मधेसी जनताको मुहारमा खुशी ल्याउन र उनीहरूको जीवनमा परिवर्तन गर्न प्राप्त भएको बताए।

जनताको जनमतको अपमान गर्दै आफ्ना मान्छेलाई टिकट दिलाउने र जनताको बस्तीमा परिवर्तनको अनुभूति गराउन नसक्ने हो भने आगामी निर्वाचनमा जनताले अहिलेको समर्थन फिर्ता लिन समय नलगाउने उनको चेतावनी छ।

राप्रपाको महाधिवेशनमा प्रदेशसभा क्षेत्रबाट नौ प्रतिनिधि

दमक/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय महाधिवेशनका लागि प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रबाट नौ जना महाधिवेशन प्रतिनिधि निर्वाचित हुने भएका छन्। पार्टीले सार्वजनिक गरेको व्यवस्थाअनुसार प्रतिनिधि छनोटमा महिला, युवा तथा विभिन्न समुदायको सहभागिता अनिवार्य गरिएको छ।

प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रका सक्रिय सदस्यबाट तीन जना महिला र उत्पीडित तथा आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम एवं पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने गरी दुई जना निर्वाचित गरिनेछ। साथै, प्रत्येक क्षेत्रबाट निर्वाचित हुने प्रतिनिधिमा युवाको सहभागिता अनिवार्य गरिएको छ।

महाधिवेशन प्रतिनिधि छनोटका लागि पार्टीले आगामी मंसिर ४ देखि १० गतेसम्मको कार्यतालिका निर्धारण गरेको छ। सो अवधिमा योग्य सक्रिय सदस्यहरूमध्येबाट प्रदेशसभा निर्वाचन क्षेत्रबाट नौ जना प्रतिनिधि छनोट गरिसकुनुपर्ने व्यवस्था गरिएको छ।

राप्रपाको केन्द्रीय महाधिवेशन आगामी मंसिर २६, २७ र २८ गते काठमाडौंमा हुँदैछ। महाधिवेशनका लागि गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका, प्रदेशसभा निर्वाचन

बाँकी ४ पेजमा ▸▸

बाहुनडाँगीका किसानले मागे सुरक्षाघेरा

दमक/ *झापाको हात्ती प्रभावित क्षेत्र बाहुनडाँगीमा जङ्गली हात्तीको आवागमन बढेपछि जिल्ला प्रशासन कार्यालयले किसानलाई पाकेको धानबाली समयमै भित्र्याउन आग्रह गरेको छ । जंगली हात्तीको आक्रमणबाट एक जना घाइते भएपछि जिल्ला प्रशासन कार्यालय झापाले मेचीनगरको बाहुनडाँगी क्षेत्रका किसानलाई पाकेको धानबाली तत्काल घर भित्र्याउन आग्रह गरेको छ । बाली धन्क्याउने अवधिभर हात्तीको प्रवेश रोक्न थप सुरक्षाकर्मी परिचालन गर्ने रणनीति बनाइएको प्रमुख जिल्ला अधिकारी अवणकुमार पोखरेलले बताएका छन् ।*

हात्तीको आक्रमणबाट स्थानीय घाइते भएको घटनापछि प्रमुख जिल्ला अधिकारी पोखरेलको नेतृत्वमा नेपाली सेनाका प्रमुख सेनानी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रहरी उपरीक्षकसहितको टोलीले हात्ती प्रवेश गर्ने मुख्य नाका मेचीनगर-४ बाहुनडाँगीको आकस्मिक अनुगमन गरेको थियो । टोली पुग्दा स्थानीय जनप्रतिनिधि, संघसंस्थाका प्रतिनिधि, वन कर्मचारी र सुरक्षाकर्मीको निगरानीमा किसान पाकेर पहँलपुर भएको धान काट्न र घर भित्र्याउन व्यस्त थिए ।

स्थलगत निरीक्षणका क्रममा सुरक्षा निकायका प्रमुखले किसानसँग खेतबारीमै छलफल गरेका थिए । स्थानीय किसानले बढीमा पाँच दिनसम्म हात्तीको प्रवेश नियन्त्रण गर्न सके पाकेको धान सुरक्षित रूपमा घर भित्र्याउन सकिने बताएका थिए । किसानको मागलाई

बाँकी ४ पेजमा ▸▸

लागूऔषधसहित चार जना पक्राउ

सुनसरी/ सुनसरी जिल्लाका विभिन्न स्थानहरूबाट लागू औषधसहित ४ जनालाई पक्राउ गरिएको छ। कात्तिक २७ गते इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले चार जनालाई पक्राउ गरेको हो प्रहरीका अनुसार धरान उप-महानगरपालिका-१ का २५ वर्षीय अमर दर्जीलाई ५ ग्राम ३४० मिलिग्राम लागू औषध ब्राउन सुगरसहित पक्राउ गरिएको छ।

त्यस्तै, इलाका प्रहरी कार्यालय भन्टाबारीले उदयपुरको चौदण्डीगाढी नगरपालिका-३ का २९ वर्षीय हेम कुमार विकलाई निट्राजेपाम ६० ट्याब्लेट प्रतिबन्धित औषधि सहित पक्राउ गरेको छ भने अस्थायी प्रहरी चौकी जनतावासीले इटहरी उप-महानगरपालिका-५ का २२ वर्षीय अविनाश शंकर र ४० वर्षीय

बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,बाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयतालो यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज मैरे
- डा. सि.पि. मैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादकीय

बढ्दो शंकास्पद मृत्यु र सुरक्षा चुनौती

उत्तरी मोरङको केराबारी-२ फैबास्थित जंगलमा ३१-३२ वर्षीया पार्वती लिम्बूको शव अर्धनग्न अवस्थामा फेला परेको घटनाले एकपटक फेरि यस क्षेत्रको सुरक्षा व्यवस्था र वन क्षेत्रमा भइरहेका शंकास्पद मृत्युहरूलाई गम्भीर बहसको विषय बनाएको छ । शरीरमा बाहिरी चोट नदेखिएको र वास्तविक कारण पोस्टमार्टम तथा प्रहरी अनुसन्धानपछि मात्र खुल्ने भए पनि यस घटनाले स्थानीयवासीमा त्रास र प्रश्न उठ्जाएको छ । यो एक्लो घटना होइनह्य पछिल्ला वर्षहरूमा केराबारी, लेटाङ र बेलबारी क्षेत्रका वन तथा खोला किनारहरूमा शव भेटिने क्रमले यस क्षेत्रमा गहिरो सुरक्षा चासो सिर्जना गरेको छ ।

केराबारीको धारापानी जंगलमा मनोज खत्रीको झुन्डिएको अवस्थामा शव फेला परेको घटना होस् वा हजारबिघा सामुदायिक वन र लेटाङ बेलबारी सीमास्थित चिसाङ साझेदारी वनमा १३ वर्षीया अंशु गौतम लगायतका बेवारिसे तथा शंकास्पद शव भेटिएका घटनाहरू यी सबैले उत्तरी मोरङका घना जंगल र एकान्त क्षेत्रहरू आपराधिक गतिविधि वा लास व्यवस्थापन गर्ने स्थल बन्दै गएको त छैन भन्ने गम्भीर आशंका जन्माएको छन् । यद्यपि सबै घटनालाई एकै बास्स्वामा राखेर हत्या वा आत्महत्या भनी निष्कर्ष निकाल्नु जल्दबाजी हुन्छ, तर यस्ता घटनाहरूको निरन्तरताले राज्यको सुरक्षा निगरानी र अनुसन्धान प्रणालीलाई चुनौती दिएको छ ।

घटनाका प्रकृति हेर्दा घना वन, बस्तीबाट टाढाका सडक, एकान्त स्थान र खोल्साखोल्सीहरू आपराधिक मनोवृत्तिको सहज क्षेत्र बन्ने गरेका छन् । अन्यत्र हत्या वा अपराध गरेर शव वन क्षेत्रमा लगेर फाल्ने प्रवृत्ति रहेको हुन सक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन। यस्तो अवस्थामा केवल सतही अनुमान गर्नुभन्दा वैज्ञानिक, निष्पक्ष र गहिरो अनुसन्धान अपरिहार्य हुन्छ ।

सबैभन्दा महत्वपूर्ण र टड्कारो विषय भनेको पछिल्लो एक दशकमा केराबारी, लेटाङ र बेलबारी क्षेत्रमा भएका हत्या, आत्महत्या, शंकास्पद मृत्यु र भेटिएका बेवारिसे शवहरूको वास्तविक तथ्यांक बाहिर आउनु हो । यसका लागि जिल्ला प्रहरी कार्यालय मोरङ र कोशी प्रदेश प्रहरीले वढा तथा वर्षगत विवरण सार्वजनिक गर्नुपर्दछ । कति घटनामा हत्या पुष्टि भयो, कति आत्महत्या थिए, कति अझै अनुसन्धानको दायरामा छन् र कति शवको पहिचान नै खुल्न सकेन भन्ने स्पष्ट श्वेतपत्र जस्तै तथ्य सार्वजनिक भए मात्र यसबारे सही निष्कर्ष निकाल्न र आगामी रणनीति बनाउन सहज हुन्छ ।

केही घटनाको पुनरावृत्तिले मात्रै समग्र उत्तरी मोरङ अपराधको अखडा बन्यो भन्ने निष्कर्ष निकाल्नु उचित नहोला, तर बारम्बार वन क्षेत्रमा लास फेला पर्नुले यहाँको सुरक्षा प्रबन्धमा कमजोरी रहेको संकेत गर्छ । तसर्थ, नागरिकको जीउधनको सुरक्षा सुनिश्चित गर्न प्रहरी गस्तीलाई तीव्र बनाउने, वन क्षेत्र र सम्भावित संवेदनशील स्थानहरूमा निगरानी बढाउने, बेपत्ता पारिएका वा हराएका व्यक्तिको खोजीलाई प्रभावकारी बनाउने तथा प्रत्येक शंकास्पद मृत्युको सत्यतथ्य बाहिर ल्याउने कार्यमा राज्यका निकायहरूले तत्परता देखाउनै पर्दछ । नागरिकले सुरक्षित महसुस गर्ने वातावरण बनाउनु स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको पहिलो र प्रमुख दायित्व हो ।

नेकपाका संयोजक दाहाल रूस प्रस्थान



दमक/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' विश्व सम्मेलनमा सहभागी हुन शुक्रबार बिहान रूस प्रस्थान गरेका छन् ।

रूसको अखिल रूसी राजनीतिक दलको आयोजनामा नोभेम्बर १४ देखि १७ सम्म आयोजना हुने 'फर द फ्रिडम अफ नेसन्स' विषयक विश्व सम्मेलनमा सहभागी हुन उनी त्यसतर्फ गएका हुन् ।

उक्त सम्मेलनमा ६० भन्दा बढी देशका राजनीतिक व्यक्तित्व तथा प्रतिनिधिहरु सहभागी हुने जनाइएको छ । प्रचण्डसँगै उनका प्रमुख स्वकीय सचिव गोविन्द आचार्य पनि रूस गएका छन् ।

सामाजिक सञ्जाल

राजनीतिमा दोहोरो चरित्र हावी



नेकपा (एमाले) का नेता गोकुल बाँस्कोटाले राजनीतिक वृत्तमा दोहोरो चरित्र देखिएको भन्दै व्यङ्ग्यात्मक टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जालमार्फत आ नो धारणा सार्वजनिक गर्दै बाँस्कोटाले बिहान गायत्री मन्त्र जप्नुअघि नै बालेन ढाल्ने भन्दै चर्को आवाज उठाउनेहरु साँझको आरतीपछि ज्वागल पुग्ने गरेको बताएका छन् । ज्वागलमा प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) का प्रमुख सल्लाहकार कुमार व्याञ्जनकारको निवास छ ।

उनले यस्ता गतिविधिमा संलग्न व्यक्तिहरुको राजनीतिक चरित्रमाथि प्रश्न उठाउँदै उनीहरु दोहोरो चरित्र भएका राजनीतिक पात्र हुन् वा जासुस भन्ने प्रश्नसमेत गरेका छन् ।

बाँस्कोटाले लेखेका छन्, 'बिहान गायत्री मन्त्र जप्नुअघि नै बालेन ढाल्ले नै हो भनेर घोक्रो सुकुज्जेल कराउनेहरु साँझको आरतीपछि ज्वागल पुग्ने रहेछन् । डबल स्ट्यान्डर्ड राजनीतिक पात्र हुन् कि जासुस ? सुनेर छक्क परियो ।'

सीमारेखा तोडेको छठको रात !



◆ विमल लामिछाने

एक दिन, मिथिला गाउँको माटोमा टेकेर दिपेशले भन्यो, 'सुनैना, मलाई त लाग्छ मधेस र पहाडबिचको सिमाना त मान्छेहरूले बनाएका हुन् । प्रेममा त न भाषा हुन्छ, न जातको सीमारेखा नै ।'

तराईको मिथिला गाउँलाई आड बनाएर बगिरहेको थियो सिरसिया खोला । भाइटिकाको भोलिपल्ट तृतीयाको साँझदेखि नै मिथिला गाउँको हरेक गल्लीमा छठको रंग छरिएको थियो । बगरको डिलमा घनाबाँसका सहारामा सजाइएका रंगीचंगी पन्डालहरु, केराका हरिया थाम र बालुवामा सजिएका माटाका दियाहरुसँगै झिलिमिली बत्तीले बस्ती र सिरसियाको बगर बेहुली झैं सिँगारिएको थियो ।

सबैको एउटै ध्याउन्न भोलिको व्रतालु रात थियो । प्रतीक्षाको घडीसँगै सुरू भयो छठीको रात । हावा पनि त्यो रात फरक लयमा बगिरहेको आभास हुन्थ्यो । भजनका स्वर, मादलको ताल र हाँसोका गुञ्जनसँग मिसिँदै रिमिक्स गरिँदै थिए युवा पुस्ताका दोहोरी छठी मईया ।

सूर्य अस्ताउँदै गर्दा महिलाहरु टोकरीमा ठेकुवा, भुसुवा, फलफूल र अन्य प्रसाद लिएर खोलातिर लागे। गीत गुन्जिन थाल्यो, 'उठ सूर्य देव, जय छठी मईया !' गीतसँग आकाश पनि झन् उज्यालो हुँदै गयो ।

त्यही भीडभित्र भेटिएका दुई पात्र हुन् सुनैना र दिपेश । उनीहरु आपसमा प्रेम गर्छन् । सुनैना दलित समुदायकी मधेसी युवती थिइन् । जसका आँखामा आकाश जस्तै गहिराइ थियो । दिपेश पहाडी ब्राह्मण परिवारका छोरा थिए । जसको अनुहारमा उज्यालोसँगै हृदयमा विद्रोहको ज्वार थियो ।

उनीहरु दुवैलाई समाजमा जातीय विभेदको सीमारेखा कोरिएकोप्रति घृणा जागेको थियो । सुनैना र दिपेशले यो सिमाना भत्काउन वर्षौंदेखि संघर्ष गर्दै आएका थिए । उनीहरुको प्रेमले ती सिमाना पगाल्दै लगे पनि पूर्णतामा पुग्न सकेका थिएनन् ।

सुनैनाको समाजमा जन्मभन्दा तुलो मान्यता जातको हुन्थ्यो । उनलाई यो समाजको सांस्कृतिक विकृति, अन्धविश्वास र विभेदहरुका विरूद्ध आगो भएर उत्रिनुपर्छ भन्ने लाग्थ्यो तर समाजमा जेलिएर रहेको जालो मधेसको यो समुदायमा पुस्तौंदेखिको सरुवा रोग जस्तै थियो ।

उनकी आमा सधैं भनिरहन्थिन्, 'छोरी, हाम्रो जात त तलको हो, पढेर के हुन्छ र ? जतिपढेपनि विवाह त दाइजो दिएरै गर्नुपर्छ ।'

तर सुनैना भन्थिन्, 'आमा, अबका छोरीहरु दाइजो दिएर होइन, शिक्षा र आत्मसम्मानका साथ विवाह गर्छन् । हामीले अबको पुस्तालाई दाइजोमा भुलिनबाट मुक्ति दिलाउनु पर्छ । अहिलेसम्मका मधेसका कयौं कुटपिट र हत्या जस्ता घटनाहरु मधेसमा दाइजो र जातीय विभेदका कारण भएका छन् । जसले सिंगो मधेसी समुदायलाई नै बदनाम गरिरहेको छ । दाइजोकै निहुँमा कयौं छोरीहरु जिउँदै जल्नुपरेको पनि छ । अब हामीले यो प्रथाको विरूद्ध लड्न साहस गर्नुपर्छ ।'

उता, पहाडी मूलका दिपेश समाजशास्त्र अध्ययनको फिल्डवर्कका लागि मधेस पुगेका थिए । उनी ब्राह्मण परिवारको छोरो, तर उनको सोच फराकिलो र हृदय ठुलो थियो । उनी जात, दाइजो प्रथा र भाषालाई सीमारेखा बनाएर मान्छेहरु किन बाँडिएका छन् भन्ने गहिरो गरी बुझ्न र बदल्न चाहन्थे । छठ पर्वको बिदाको समय उनका लागि मिसन पूरा गर्ने कोसेढुंगा बनेर आयो ।

दिपेश र सुनैनाको पहिलो भेट गाउँको सामुदायिक विद्यालयमा भएको थियो । दिपेश गाउँका बालबालिकालाई समावेशी शिक्षा कार्यक्रमबारे बुझ्नाइरहेका थिए र सुनैना त्यही विद्यालयकी शिक्षिका थिइन् । पहिलो भेटमै दिपेशले सुनैनाको नजरमा देख्यो कि, एउटी युवती जसको आँखामा विद्रोह र प्रेम दुवैको उज्यालो झल्किएको थियो ।

दिनहरु बित्दै गए । विद्यालय परिसरमै उनीहरुबिच संवाद बढ्दै गयो। किताबका पानामा लेखिएका विचारहरु, समाजका घाउहरु, र भविष्यका सपना, विद्रोह र परिवर्तनका चक्रीय सूत्रहरु उनीहरुले सँगसँगै बाँडे ।

एक दिन, मिथिला गाउँको माटोमा टेकेर दिपेशले भन्यो, 'सुनैना, मलाई त लाग्छ मधेस र पहाडबिचको सिमाना त मान्छेहरुले बनाएका हुन् । प्रेममा त न भाषा हुन्छ, न जातको सीमारेखा नै ।'

सुनैनाले हल्का मुस्कानसहित उत्तर दिइन्, 'तर समाजले हाम्रा नशामा पनि जात गनेर रगत छुट्टाउने कोसिस गर्छ दिपेश ! म तिमीप्रति आकर्षित छु, तिमीलाई प्रेम गर्छु तर यो प्रेमले पूर्णता पाउन सजिलो छैन ।'

जब गाउँलेहरुले सुनैना र दिपेशबीचको सम्बन्धबारे सुने, गाउँ नै हल्लियो । 'मधेसी केटी र पहाडी ब्राह्मण केटो..!' यो संयोजन नै अपवित्र ठानियो । बेलुका सुनैनाका बुबाले भने, 'तैंले हाम्रो इज्जत पखालिस् ! हाम्रो समाजमा छोरीले बाहिरी जातसँग बिहे गर्न पाईँदैन । समाजका मुखिया र महाजनहरुले थाहा पाए भने हाम्रो हालत के हुन्छ ? हाम्रो त नाम निशाना नरहने गरी उठीबास लाग्छ छोरी ।'

उता दिपेशको परिवारमा पनि त्यस्तै तिक्तता बढ्न थाल्यो । हाम्रो कुलमा मधेसी केटी ? तर उनीहरुको प्रेमको दियो निभेन । सुनैनाले आ नो गाउँमा महिला सशक्तीकरणको अभियान सुरू गरिन् । उनी महिलाहरुलाई पढाउन थालिन् । दाइजो र विभेदका विरूद्ध सचेतना फैलाउन थालिन् ।

दिपेशले पनि सामाजिक अभियान सुरू गरे । पहाड र तराईका युवालाई एकै मञ्चमा ल्याउने 'एकता संवाद' कार्यक्रम अघि बढाएर जनचेतनाको अभिवृद्धि गर्न लागिपरिरहे ।

तिनीहरुको प्रेमले अब व्यक्तिगत नभई आन्दोलनको रुप लिन थाल्यो । समाजका पर्खालहरुमा उनीहरुको आवाजले बिस्तारै दरार बन्न थाल्यो ।

'आज छठको रात, आज रातभर जाग्राम बस्ने हो ?' सुनैनाले दिपेशतिर फर्केर मादलभन्दा माधुर्य स्वरमा भनिन् । 'बस्ने त हो तर गीत गाउने तिमी हौ कि म ?' दिपेशले मुस्कुराउँदै भन्यो ।

'म गाउने, तिमी सुन्ने,' उनले हल्का लजाउँदै भनिन् । उनका आँखामा प्रेम छचल्किएको थियो । प्रेमिल भावमा उनी मुस्काइन् । त्यस मुस्कानमा दिपेशले समानताको उज्यालो र भविष्य दुवै झल्किएको देखे ।

रात गाढिँदै गयो । खोलाको छेउमा जाग्राम सुरू भयो । महिलाहरु छठी माताको कथा गाइरहेका, पुरुषहरु मादल र ढोलमा ताल मिलाइरहेका थिए । हावाको झोक्काले कहिलेकाहीँ दियो निभाइदिन्थ्यो तर तुरून्तै बालिन्थ्यो । सबैजसो छठीमातृहरु खोलैमित्र पसेर आधा शरीर डुबाउँदै निस्कँदै गर्दै थिए । कोही भजन गाइरहेका थिए । त्यही बेला सुनैनाको दियो निभ्यो । उनले अत्तालिँदै पानीमा हेरिन् । तर एक क्षणमै दिपेशले आ नो दियो लिएर उनको दियोमा बर्तन थपेर बालिदिए ।

सुनैनाको कानमै गएर उनले बिस्तारै भने, 'अब यो उज्यालो हामी दुवैको हो,' त्यो उज्यालो पानीमा परावर्तित हुँदै, दुवैको अनुहारमा चम्किएको सबैले सहज देख्न सक्थे । जुन चमक नै जात भन्दामाथि टम्किएर एउटा प्रेमको साक्षी बनेर पहरा दिइरहेको थियो ।

रातको अन्तिम प्रहरमा सुनैना चुपचाप आकाशतिर हेर्दै थिइन् । चन्द्रमा र दियो दुवै उज्याला थिए तर उनको मनको कुना अझै अधुरो र मधुरो थियो । उनले मनमनै भनिन्, 'छठी मइया, यदि तपाईंको आशीर्वादले जात, दाइजो र हाम्रो समाजका भेदभावका तगारहरु भत्काइदिने हो भने म यो व्रत जीवनभरका लागि अर्पण गर्नेछु ।'

बिहान पख जब पूर्वतिर सूर्यको पहिलो किरण उदाउँदै थियो, व्रतालुहरु पानीमा उभिएर अर्घ्य दिइरहेका थिए । सुनैनाको अनुहारमा सुनौलो प्रकाश पऱ्यो ।

दिपेशले त्यो भल्कोमा उसको भविष्य देख्यो र मनमनै प्रार्थना गऱ्यो, 'छठी मइया, हाम्रो प्रेमलाई पनि यही उज्यालोको आशीर्वाद देऊ । समाजका अन्धकारहरु उज्यालेले ढाकिदेऊ । जो कि अबको पुस्ताका कुनै पनि प्रेमी प्रेमिकाले विभेदको सिकार बन्नु नपरोस् ।'

सूर्य उदायो । गीत फेरि गुन्जियो । हावामा ठेकुवाको गन्ध थियो र मिथिला गाउँमा नयाँ सुरुवातको संकेत । त्यही बिहान एक खुला मञ्चमा उनीहरुले विवाह गरे । कुनै पुरोहितबिनाको, कुनै दाइजोबिनाको । केवल दुई थान माला र सिन्दूरको टिका साटासाट गरेर मधेसकी केटी र पहाडी केटो विवाह बन्धनमा बाँधिए । तालीको पऱ्रा छुट्यो ।

सुनैनाले भनिन्, 'हामीले प्रेम मात्रै होइन, समानताको वीर्याँ पनि रोपेका छौं ।' दिपेशले थपे, 'जात होइन, चेतनाले देश बलियो हुन्छ ।'

उनीहरुको विवाहमाथि थुप्रै विरोध पनि भयो तर त्यसै बिहान सिरसिया खोला किनार मिथिला गाउँका छोरीहरुको समूहले आफ्नो विवाहमा कसैले दाइजो नलिने घोषणा गरे ।

सुनैना र दिपेशको प्रेम त्यस दिन केवल दुई आत्माको मिलन मात्रै रहेन । त्यो विभेद र दासतालाई विरूद्ध उठेको नयाँ बिद्रोहीको किरण बन्यो । जहाँ सुनैना र दिपेशको आस्था र प्रेम मिलेर विभेदलाई जिते । छठी माताको दृष्टि चोखो प्रेममाथि पऱ्यो ।

त्यो दृष्टिले समाजका सबै खाले अन्धविश्वास, विभेद र अन्धकार पखालिदियो । त्यही रातपछि सिरसिया खोलाको किनारको गाउँमा एउटा कथा सनसनी फैलियो, जुन प्रेमकथा हो 'छठको रात'।

मानेडाँडामा आधारभुत अस्पताल सञ्चालन



भोजपुर / भोजपुरको पौवादुङमा गाउँपालिका(४ वास्तिमस्थित मानेडाँडामा पाँच शय्याको आधारभूत अस्पताल सञ्चालनमा आएपछि स्थानीयवासीलाई गाउँमै स्वास्थ्य सेवा लिन सहज भएको छ । अस्पतालबाट दैनिक २५ देखि ३० जनासम्मले सेवा लिइरहेका छन् ।

प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने सङ्घीय सरकारको नीतिअनुसार रू चार करोड ८० लाख लागतमा डेढतले भवन निर्माण गरिएको हो ।

गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गेहेन्द्रप्रसाद उपाध्यायका अनुसार अस्पतालबाट नियमित स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । विशेषज्ञ चिकित्सकसहितको सेवा उपलब्ध हुन थालेपछि उपचारका लागि टाढा जानुपर्ने स्थानीयवासीको बाध्यता कम भएको उनले बताए ।

गाउँमै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल सञ्चालनमा ल्याइएको गाउँपालिका अध्यक्ष किरण राईले बताए । दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गरी विभिन्न स्वास्थ्य सेवा सञ्चालन गरिएको उनको भनाइ छ ।

"सामान्य उपचारका लागि पनि टाढा जानुपर्ने बाध्यता अन्त्य गर्न अस्पताल सञ्चालनमा ल्याएका हौं", अध्यक्ष राईले भने, "नागरिकलाई सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिकाले प्राथमिकताका साथ काम गरिरहेको छ ।"

गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले अस्पताल सञ्चालनमा आएपछि विशेषगरी महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई राहत पुगेको बताइन् । स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न पूर्वाधार निर्माणसँगै जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइएको उनको भनाइ छ ।

अस्पतालबाट आकस्मिक तथा बहिरङ्ग (ओपिडी) सेवा, प्रयोगशाला परीक्षण, गर्भवती महिलाका लागि भिडियो एक्सरे, मातृ तथा शिशु स्वास्थ्य सेवा, स्त्रीरोग तथा प्रसूति सेवा, नसर्ने रोगको परीक्षण र बर्थिङ सेवा सञ्चालन भइरहेका छन् । गाउँघर क्लिनिकमार्फत पनि स्वास्थ्य सेवा उपलब्ध गराइएको अस्पतालका चिकित्सक कौसलकिशोर अम्बिकादेव यादवले जानकारी दिए ।

उनका अनुसार पाँच शय्या क्षमताको अस्पतालबाट दैनिक २५ देखि ३० जनासम्मले स्वास्थ्य सेवा लिइरहेका छन् । अस्पताल सञ्चालनमा आएपछि सामान्य उपचारका लागि सदरमुकाम वा अन्य जिल्ला जानुपर्ने बाध्यता कम भएको भन्दै स्थानीयवासीले खुसी व्यक्त गरेका छन् ।

सुनसरीमा सुपारीखेती फस्टाउँदै



दमक/ झापाको बिर्तामोडमा देखेको सुपारीखेतीबाट प्रेरित भएर १५ वर्षअघि रहरले खेती सुरू गरेका इनरूवा नगरपालिका ४ महेन्द्र चोकका ८० वर्षीय गोविन्दबहादुर कार्की अहिले यसैबाट राम्रो आम्दानी गरिरहेका छन् । डेढ बिघा क्षेत्रफलमा फैलिएको उनको बगानमा झन्डै एक हजार २०० सुपारीका बोट छन् ।

कार्कीले १५ वर्षअघि १०० वटा बिरूवा रोपेर सुपारीखेती सुरू गरेका हुन् । चार(पाँच वर्षपछि बिरूवाले फल दिन थालेपछि त्यसैबाट नयाँ बिरूवा उत्पादन गर्दै खेती विस्तार गरेको बताउँछन् । अहिले सुरूमा रोपिएका बोटबाट मात्रै वार्षिक एक लाख रूपियाँभन्दा बढी मूल्यको सुपारी बिक्री हुने गरेको उनले बताए ।

पुर्खौली घर तेह्रथुम भएका कार्कीको परिवार बसाइँ सरेर सुनसरी आएको थियो। परम्परागत रूपमा धान र मकैखेती गर्दै आएका उनले झापाको बिर्तामोड जाँदा काकाको बगान र अन्य किसानले गरेको सुपारीखेती देखेपछि आफू पनि यसतर्फ आकर्षित भएको बताउँछन ।

'त्यहाँको खेती देखेर रहर जाग्यो । सुरूमा १०० वटा बिरूवा ल्याएर रोपें, अहिले डेढ बिघामा फैलिएको छ', उनले भने । उनका अनुसार पानी नजम्ने जमिनमा सुपारीखेती गर्न सकिन्छ । खेती सुरू गर्दा बिरूवा रोप्न केही मेहनत गर्नुपर्ने भए पनि त्यसपछि धेरै स्याहार आवश्यक पर्दैन । वर्षमा एकपटक मल लगाउने र बोटको फेदमा चुन छर्किने गरिएको उनले बताए । मल, चुनलगायतमा वार्षिक करिब २० हजार रूपियाँ खर्च हुने गरेको छ ।

उत्पादित सुपारी बिक्रीका लागि बजारको समस्या नरहेको उनको अनुभव छ । प्रायः दमकका व्यापारी बगानमै आएर ठेक्कामा सुपारी किन्ने र पाकेपछि आफैं टिपेर लैजाने गरेका छन् । खुद्रा बिक्री गर्दा प्रतिकेजी ७० रूपियाँसम्म पाउने गरेको उनले जानकारी गराए ।

धान र मकैखेतीको तुलनामा सुपारीखेतीबाट राम्रो आम्दानी हुने कार्कीको अनुभव छ । बगानको रेखदेखका लागि एक जना कामदारबाट काम चलाउँदै आएका उनलाई श्रीमती डम्बरकुमारीको ठुलो भरथेग छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अग्राडोदोश्य तपाईहरुको सेवामा
समर्पित यस संस्था केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इन्भर्टर तथा ब्याट्री एटेप्लाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ्ग मेशिन लागी मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, कौंटा सुलभ दरमा ग्याराेन्टीका साथ संस्थित गरिएछ ।
साथै चार्ज अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथार गर्नुका साथै सबै प्रकारका रिपोट र इलेक्ट्रोनिक पार्टसहरु, रोकेण्डहेण्ड मोटर र फेन पाइनछ ।
नोट :
१) सोलिकल हुदिगरलमा प्रयोग हुने सबै सामानहरु संस्थित गरिएछ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका ग्रेडेडहेण्ड सामान पनि बिक्री गरिएछ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७



धर्म/संस्कृति

सामाचकेवा पर्व सुरू



दमक । दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, सद्भाव र आत्मीयताको प्रतीक मानिने सामाचकेवा पर्व मिथिलाञ्चलमा सुरू भएको छ । पर्वका अवसरमा दिदीबहिनी, छोरीबुहारीले सामूहिक रूपमा नाचगान गर्दै दाजुभाइको सुख, समृद्धि र दीर्घायुको कामना गरिरहेका छन् ।

कार्तिक शुक्ल पञ्चमीदेखि सुरू हुने यो पर्व १० दिनसम्म मनाइन्छ । पर्वको एघारौं दिन अर्थात् पूर्णिमाको रात सामाचकेवाको विसर्जन गर्ने परम्परा छ । यस अवसरमा सामाचकेवा मनाउन विवाहित नारी माइत जाने भएकाले टाढा रहेका दिदीबहिनीसमेत माइतीघर फर्किने गर्छन् ।

पर्वका जानकार पण्डित रामकुमार शास्त्रीका अनुसार पहिलो दिन दिदीबहिनीले समूह बनाएर परम्परागत गीत गाउँदै गाउँबाहिरका खेत तथा भिरमा पुगेर दाजुभाइको हातबाट खनिएको माटो ल्याउँछन् । उक्त माटोलाई गिलो बनाएर सामा र चकेवाका विभिन्न आकृति निर्माण गरिन्छ ।

निर्माण गरिएका आकृतिलाई रातो रङको बाँसको डालामा सजाएर दियो बाल्ने गरिन्छ । त्यसपछि राति गाउँका चोक, दोबाटो, चौबाटो, विद्यालय, धर्मशाला, मन्दिर तथा छठघाटमा लगेर नाचगान गर्ने चलन छ । दिदीबहिनीले १० दिनसम्म सामाचकेवा खेल्दै दाजुभाइको दीर्घायुको कामना गर्छन् ।

यस क्रममा महिलाहरूले 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चम्पा फूल लगाइदिय' तथा 'सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो' लगायतका परम्परागत गीत गाउने गर्छन् ।

पर्वको एघारौं दिन बिहान सामाचकेवाका आकृतिलाई पुनः बनाएर रङरोगन गरिन्छ । साँझ दाजुभाइलाई दहीचिउरा खुवाउने, परम्पराअनुसार फाँर भर्ने र दाजुभाइबाट सामाचकेवा फुटाउने विधि पूरा गरिन्छ ।

त्यसपछि बाजागाजासहित नाचगान गर्दै सामाचकेवाको विसर्जन गरिन्छ । दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले पनि छरछिमेकका आफन्तसँग मिलेर यो पर्व मनाउने गरेका छन् । मधेस प्रदेशका महोत्तरी, सर्लाही, सिरहा, धनुषा, सप्तरी, बारा र पर्साका साथै सीमावर्ती भारतीय जिल्लाहरूमा समेत सामाचकेवा पर्व हर्षोल्लासका साथ मनाइन्छ ।

स्वास्थ्य/खानपिन

काजु खानुका फाइदाहरू

१. काजुमा यथेष्ट मात्रामा आइरन तत्व पाइने हुदाँ यसले हाम्रो शरीरमा रगतको कमी पूरा गर्छ ।

२. यसमा भरपुर मात्रामा एन्टी व्यक्टेरियल तत्व हुन्छ । जसले हाम्रो छालालाई सुन्दर बनाई राख्न मद्दत गर्छ ।

३. यसमा फस्फोरसको मात्रा यथेष्ट हुन्छ। जसले हाम्रो दाँतलाई मजबुत बनाउँछ ।

४. काजु हाम्रो स्वास्थयको लागि पनि निकै लाभदायक छ किनकी यसले हाम्रो शरीरलाई कमजोर हुन दिदैन ।

५.त्यसबाहेक, यसमा कयौ प्रकारका मिटामिन पाइन्छ, जसले हाम्रो शरीरलाई मजबुत बनाउँछ ।

६. काजुमा सोडियमको मात्रा कम हुनुका साथै पोटासियमको मात्रा धेरै हुन्छ , जसले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न मद्दत गर्छ ।

७. काजुमा सेलेनियम तथा मिटामिन इ भरपुर मात्रामा हुन्छ, जसले शरीरलाई विभिन्न समस्याबाट बचाउँछ। यसले पाचन शक्ति बढाउँछ र क्यान्सरको जोखिम कम गर्छ । यसमा जीक तत्व पनि पाइने हुदा यसले इन्फेक्सनबाट शरीरलाई बचाउँछ ।

८. काजुमा कोलेस्ट्रोलको मात्रा न्युन हुन्छ, जसले हृदयघातको जोखिम कम गर्छ ।

९. काजुको नियमित सेवनले कपाल झर्ने समस्या कम हुन्छ । १० काजुमा मिटामिन बी भरपुर मात्रामा पाइन्छ, त्यसैले यसलाई शक्तिवद्धक खाना पनि भन्ने गरिन्छ । खाली पेटका काजु र महको सेवनले स्मरण शक्ति बढाउन मद्दत गर्छ ।

११. काजुको तेलले दुवीको सेतो दाग कम गर्छ ।

१२. काजुको तेलले शरीर मालिस गर्नाले शरीरको सुख्खापन कम हुनुका साथै छाला नरम हुन्छ ।

शिक्षा

"किताबको ज्ञान व्यवहारमा उतार्दै विद्यार्थी"



दमक । विद्यार्थीले पाठ्यपुस्तक पढ्ने र परीक्षामा राम्रो अंक ल्याउने मात्र नभई सिकेको ज्ञानलाई दैनिक व्यवहारमा उतार्न सक्नुपर्नेमा शिक्षाविद् तथा अभिभावकले जोड दिएका छन् । पढाइलाई जीवनसँग जोड्न सके मात्र शिक्षा व्यावहारिक, सिर्जनशील र उपयोगी बन्ने उनीहरूको भनाइ छ ।

विद्यालयमा सिकेका कुरा घरपरिवार र समाजमा प्रयोग गर्न सक्ने वातावरण बनाउन सके विद्यार्थीमा आत्मनिर्भरता, सिर्जनशीलता र समस्या समाधान गर्ने क्षमताको विकास हुने देखिएको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका(९८ हर्नामाडीस्थित मकवानपुर बाल विद्या सदन विद्यालयले सञ्चालन गरेको 'स्किल क्याम्प' यसैको एउटा उदाहरण बनेको राससले फिचर बनाएको छ । जहाँ विद्यार्थीले पाठ्यपुस्तकमा पढेका विषयलाई व्यवहारमै अभ्यास गर्दै विभिन्न जीवनोपयोगी सीप सिकिरहेका छन् ।

विद्यालयमा कक्षा ४ मा अध्ययनरत अधिश्री दाहालले पुराना कागज पुनःप्रशोधन गरेर नयाँ कागज बनाउने सीप सिकेपछि घरमा आमालाई समेत सिकाइन् । विद्यालयमा सिकेको कुरा घरमा आएर अभिभावकलाई सिकाउन सक्नु व्यावहारिक शिक्षाको प्रभावकारी उदाहरण बनेको छ । उनकी आमा सपना ढुङ्गानाले छोरीबाटै खेर गएका कागजबाट नयाँ कागज बनाउन सकिने कुरा थाहा पाउँदा खुसी लागेको बताइन् ।

विद्यालयले 'एक कक्षा, एक सीप' अवधारणाअनुसार विद्यार्थीलाई कक्षा १० उत्तीर्ण गर्दासम्म कम्तीमा १० वटा व्यावहारिक सीप सिकाउने लक्ष्य राखेको छ । विद्यार्थीमा सिर्जनशीलता, आत्मनिर्भरता र उद्यमशीलताको विकास गर्ने उद्देश्यले तीन वर्षदेखि सञ्चालन हुँदै आएको स्किल क्याम्पको तेस्रो संस्करण हालै सम्पन्न भएको हो ।

विद्यालयका प्रधानाध्यापक सुदीपराज गिरीका अनुसार दसैं(तिहार बिदापछि विद्यालय खुलेको पहिलो एक साता विद्यार्थीलाई विभिन्न जीवनोपयोगी सीप सिकाउने गरिएको छ । लामो बिदापछि विद्यालय फर्किएका विद्यार्थीलाई सिर्जनात्मक गतिविधिमा सहभागी गराउँदै नियमित पठनपाठनसँग जोड्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

विद्यालयले विद्यार्थीको उमेर र कक्षाअनुसार फरक(फरक सीप सिकाउने व्यवस्था गरेको छ । कक्षा ३ सम्मका विद्यार्थीले स्वास्थ्य तथा व्यक्तिगत सरसफाइसम्बन्धी अभ्यास गरेका छन् भने कक्षा ४ मा कागज पुनःप्रशोधन, कक्षा ५ मा बुनाइ र कक्षा ६ मा कलासम्बन्धी गतिविधि सञ्चालन गरिएको थियो । कक्षा ७ का विद्यार्थीले परालबाट गुन्द्री बुन्ने सीप सिकेका थिए । यसले नयाँ पुस्तालाई आधुनिक शिक्षासँगै परम्परागत सीप र संस्कृतिसँग परिचित गराउने प्रयाससमेत गरेको छ ।

त्यस्तै, कक्षा ८ का विद्यार्थीले रोबोटिक्स तथा विद्युतीय प्रविधिमा आधारित उपकरणका नमुना निर्माण गरी तिनको प्रयोग र उपयोगिताबारे जानकारी गराएका थिए । विद्यालयले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितलाई व्यावहारिक अभ्यासँग जोड्ने 'स्टिम' शिक्षण अवधारणालाई पनि कार्यक्रममा समावेश गरेको छ ।

विद्यार्थीलाई सीप सिकाउने मात्र नभई त्यसलाई उत्पादन र आम्दानीसँग जोड्ने अभ्याससमेत गराइएको छ । कक्षा ९ का विद्यार्थीले तिहारलाई लक्षित गरी मैनबत्ती उत्पादन तथा बजारीकरण गरेका थिए । विद्यार्थीले समूह बनाएर सामग्री स□लन, उत्पादन र बिक्रीको जिम्मेवारी बाँडेर काम गरेका थिए । कक्षा ९ की सोनु अधिकारीले बजारीकरणको जिम्मेवारी सम्हालेकी थिइन् । विद्यार्थीले उत्पादन लागतमा करिब ४० प्रतिशत नाफा राखेर बिक्री मूल्य निर्धारण गरेका थिए ।

सोनुका बुबा पुरूषोत्तम अधिकारीले छोरीले विद्यालयमा सिकेको उत्पादन लागत, बिक्री मूल्य र नाफासम्बन्धी ज्ञान घरमा आएर सुनाउँदा खुसी लागेको बताए । उनका अनुसार विद्यार्थीले कुनै वस्तु उत्पादन गर्नु मात्र नभई त्यसको लागत, बजार मूल्य र सम्भावित नाफाको हिसाब गर्नसमेत सिक्नु महत्त्वपूर्ण छ ।

विद्यालयले यसअघि विद्यार्थीलाई कृषि अभ्यासमा पनि सहभागी गराएको थियो । विद्यार्थीले विद्यालय परिसरमै धान रोप्ने, काट्ने, चुट्ने र भित्र्याउनेसम्मका काम सिकेका थिए । जैविक फोहरबाट कम्पोस्ट मल बनाउने अभ्याससमेत गराइएको थियो । यसले वातावरण संरक्षण, कृषि र श्रमको महत्त्व बुझाउन सहयोग पुगेको विद्यालयको भनाइ छ ।

अभिभावक ढुङ्गानाका अनुसार विद्यालयमा व्यावहारिक सीप सिकेपछि बालबालिकामा नयाँ कुरा खोज्ने र आफैं गरेर सिक्ने बानीको विकास भएको छ । बालबालिकाले विद्यालयमा सिकेका सरसफाइ तथा वातावरण संरक्षणका कुरा घरमा समेत लागू गर्ने गरेका छन् । कहिलेकाहीं अभिभावकले फोहर व्यवस्थापनमा ध्यान नदिँदा बालबालिकाले नै सचेत गराउने गरेको उनले सुनाइन् ।

शिक्षा केवल पढ्ने, लेख्ने र परीक्षा दिने प्रक्रियामा सीमित हुनुहुँदैन । विद्यार्थीले सिकेको ज्ञानलाई घर, समुदाय र दैनिक जीवनमा प्रयोग गर्न सक्ने बनाउनु आवश्यक छ । झापाका विद्यालयमा पनि पाठ्यपुस्तकको पठनपाठनसँगै कृषि, वातावरण संरक्षण, स्थानीय उत्पादन, प्रविधि, उद्यमशीलता र परम्परागत सीपलाई जोड्न सके शिक्षालाई व्यवहारमुखी बनाउन सहयोग पुग्ने देखिन्छ ।


दैनिक राशिफल

आज मिति
२०८३ साल
कार्तिक २२ गते
आइतबार
15 Nov. 2026
तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : सप्तपदम गाँउ, सगरमाथा अञ्चल लिगाम, उदर
सम्पर्कका लागि:
९८६३५०८८२/९८५७००५५६५

मेष च चे चो ला लि लँ ले लो अ रोजगार्याले सताउला । धन खर्च । मन खिन्न ।	कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) रोजगारको अवसर । विदेशिक यात्रा होला ।	तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला।	मकर भो जा जी खि खु खे खो गा गी आउदानीका बाटाहरु खुल्ने । नयाँ सरसामान खरिद ।
वृष इ उ ए ओ वा वि वु वे वो स्वास्थमा सुधार । पारिवारीक भेटघाट ।	सिंह मा मि मु मे मो टा टि टु टे व्यापार व्यवसायमा लाभ । धन सञ्चय नहुने ।	वृश्चिक तो ना नि नँ ने नो या यि यु सामाजिक मान बढ्ने । कुरा काट्ने पनि सकुच्य ।	कुम्भ मँ मे मो सा सी सँ से सो द अत्यधिकमा सफलता । परिश्रम भने बढी गर्नुपर्ला ।
मिथुन का कि कु घ घ ङ छ के को हा परिश्रम अनुसार फल प्राप्ती । मनमा उत्साह बढ्ने ।	कन्या टो प पी पँ ष ण ठ पे पो मनमा घेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका ।	धनु य यो भा भी भ धा फा ढ भे साथीभाईबाट सहयोग । आफन्तजनमा मने मनमुटाव ।	मीन दि दु थ झ ञ दे दो चा ची मान्यजनसँगको भेटघाट परिवारमा खुशीचाली ।



झिलीमिली बन्यो यलम्बरको प्रतिमा: *तिहारका समयमा रातीपख दमक ५ यलम्बर चौकस्थित पहिलो किराती राजा यलम्बरको प्रतिमा सिंगारिएको छ । तिहारको साँझमा देखिएको झिलीमिली बत्ती ।*

खापुङको बिदाइपछि कोशीमा प्रदेश प्रमुखको अन्योल

दमक/ प्रदेश प्रमुख परशुराम खापुङको कार्यकाल सकिएसँगै कोशी प्रदेश प्रदेश प्रमुखविहीन बनेको छ । कात्तिक २३ गते कार्यकाल पूरा गरी खापुङ बिदा भए पनि उनको स्थानमा नयाँ प्रदेश प्रमुख नियुक्त भएका छैनन् । त्यस्तै, नयाँ नियुक्ति नहुँदासम्मका लागि अर्को प्रदेशका प्रमुखलाई कोशीको जिम्मेवारी दिने निर्णयसमेत भएको छैन ।

प्रदेश प्रमुखको पद रिक्त भएपछि अर्को प्रदेशका प्रमुखलाई कामकाजको जिम्मेवारी दिने संवैधानिक व्यवस्था भए पनि यसपटक त्यसको कार्यान्वयन नभएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । कार्यालयकी अधिकृत सम्पूर्ण थापाका अनुसार खापुङको कार्यकाल कात्तिक २३ गतेसम्म थियो । कार्यकाल पूरा भएपछि उनी बिदा भएका हुन् ।

'कात्तिक २३ सम्म उहाँको कार्यकाल थियो । उहाँको सकियो । यसअघि छिमेकी प्रदेशको प्रमुखलाई जिम्मा दिने गरिन्थ्यो । यसपटक त्यो पनि दिइएको छैन,' थापाले भनिन् । यसअघि प्रदेश प्रमुख अनुपस्थित हुँदा वा तत्काल जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्था आउँदा अर्को प्रदेशका प्रमुखलाई कोशीको समेत कामकाज गर्ने जिम्मेवारी दिने गरिएको थियो । तर यसपटक पदावधि नै सकिएर पद रिक्त हुँदा पनि त्यस्तो व्यवस्था भएको जानकारी कार्यालयले पाएको छैन ।

राष्ट्रपतिको कार्यालयले पनि यस विषयमा तत्काल स्पष्ट जानकारी दिन सकेको छैन । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले कार्यालयमा बिदा परेकाले यसबारे जानकारी लिन नसकिएको बताए ।

'यो नौलो कुरा भयो, बिदा पनि थियो । भोलि कार्यालय खुलेपछि यसबारे जानकारी हुन्छ,' उनले भने ।

संविधानको धारा १९३ को उपधारा (३) अनुसार प्रदेश प्रमुखको कार्यकाल पाँच वर्षको हुन्छ । धारा १९५ को उपधारा (१) खण्ड (ख) ले पदावधि समाप्त भएपछि पद रिक्त हुने व्यवस्था गरेको छ । त्यस्तो अवस्थामा नयाँ प्रदेश प्रमुख नियुक्त नहुँदासम्म अर्को प्रदेशका प्रदेश प्रमुखलाई जिम्मेवारी दिन सकिने व्यवस्था धारा १९५ को उपधारा (२) मा छ । यसका लागि राष्ट्रपतिले औपचारिक निर्णय गर्नुपर्छ ।

यसअघि खापुङ मलेसिया भ्रमणमा जाँदा २०८२ साउनमा तत्कालीन मधेश प्रदेश प्रमुखलाई कोशीको समेत कामकाज गर्ने जिम्मेवारी दिइएको थियो । त्यतिबेला खापुङको पदावधि कायम थियो । अहिले भने उनको कार्यकाल पूरा भएर पद नै रिक्त भएको हो ।

प्रदेश प्रमुख प्रदेशमा नेपाल सरकारका प्रतिनिधिका रूपमा रहने संवैधानिक पद हो । संविधानको धारा १९६ ले प्रदेश प्रमुखका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । प्रदेशसभाको अधिवेशन आह्वान तथा अन्त्य, प्रदेशसभाबाट पारित विधेयक प्रमाणीकरण र मुख्यमन्त्री नियुक्तिसम्बन्धी प्रक्रियामा उनको भूमिका रहन्छ ।

त्यसैले प्रदेश प्रमुखको पद रिक्त रहँदा प्रदेशका संवैधानिक कामकारबाही कसरी अघि बढ्छन् भन्ने चासो बढेको छ । कोशीमा नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने वा अर्को प्रदेशका प्रमुखलाई अस्थायी जिम्मेवारी दिने भन्ने निर्णय राष्ट्रपतिबाट हुन बाँकी छ ।

अन्तर्राष्ट्रिय

शेख हसिनालाई स्वदेश फर्काउन भारतका दुई सर्त

नयाँदिल्ली/ बंगलादेशमा भएको विद्रोहपछि भारतमा शरण लिएकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई स्वदेश फर्काउने विषयमा भारतले पहल थालेको छ । यसका लागि भारतले तारिक रहमान नेतृत्वको बंगलादेश सरकारसमक्ष दुईवटा सर्त अघि सारेको भारतीय सञ्चारमाध्यम टाइम्स अफ इन्डियाले जनाएको छ ।

बीबीसी बंगला सेवाका अनुसार भारतले हसिनालाई नयाँदिल्लीबाट ढाका लैजान बंगलादेशले सैनिक विमान पठाउनुपर्ने प्रस्ताव गरेको छ । भारतको पहिलो सर्तअनुसार हसिनालाई स्वदेश फर्काउने जिम्मेवारी बंगलादेशी सेनाले लिनुपर्नेछ । सम्भव भएसम्म उनलाई सैनिक विमानमार्फत नै फर्काउनुपर्ने भारतको प्रस्ताव छ ।

भारतको दोस्रो सर्त भने हसिनालाई आफूविरुद्ध सुनाइएको मृत्युदण्डको फैसलाविरुद्ध अपिल गर्ने अवसर दिनुपर्ने र जुलाई २०२४ को हिंसात्मक घटनासँग सम्बन्धित हत्याका आरोपमा निष्पक्ष सुनुवाइ सुनिश्चित गर्नुपर्ने रहेको छ । उक्त विद्रोहका क्रममा प्रदर्शनकारीमाथि भएको दमनसम्बन्धी मुद्दामा बंगलादेशको अदालतले हसिनालाई मृत्युदण्डको सजाय सुनाइसकेको छ ।

बीबीसी बंगला सेवाको रिपोर्टअनुसार हसिनाको भारतमा निरन्तर उपस्थितिले बंगलादेशसँगको द्विपक्षीय सम्बन्धमा असहजता बढाएको छ । प्रदर्शनकारीमाथि भएको दमनको आरोपमा सजाय पाएकी पूर्वप्रधानमन्त्रीलाई भारतले आश्रय दिइरहेको भन्दै नयाँदिल्लीमाथि अन्तर्राष्ट्रिय आलोचनासमेत हुँदै आएको छ ।

भारतले यसअघि हसिनालाई तेस्रो मुलुक पठाउने विकल्पमा पनि विभिन्न देशसँग छलफल गरेको थियो । तर, विभिन्न कारणले उक्त प्रयास सफल हुन नसकेको रिपोर्टमा उल्लेख छ ।

यता, हसिनाले भने बंगलादेश फर्किने इच्छा कायमै रहेको बताउँदै आएकी छन् । उनले यसअघि रोयटर्ससँगको अन्तर्वार्तामा सन् २०२६ डिसेम्बरमा स्वदेश फर्किने योजना रहेको बताएकी थिइन् । यद्यपि, फर्किने निश्चित मिति भने सार्वजनिक गरेकी छैनन् ।

स्वदेश फर्किएपछि पक्राउ पर्ने, जेल जानुपर्ने वा ज्यानसमेत जोखिममा पर्न सक्ने सम्भावनाबारे आफू जानकार रहेको हसिनाले बताएकी छन् । व्यक्तिगत सुरक्षाको चिन्ता आफूले धेरैअघि छोडिसकेको उनको भनाइ छ । सन् १९८१ र २००७ मा पनि जोखिमका बीच स्वदेश फर्किएको उदाहरण दिँदै उनले यसअघि जेल सजाय र पटकपटकका हत्याप्रयास सामना गरेको उल्लेख गरेकी छन् ।

खेल समाचार

१०औँ राष्ट्रिय खेलकुदको तयारी तीव्र

दमक/ दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी तीव्र गतिमा अघि बढिरहेको छ । २०८१ मंसिरमै आयोजना भइसक्नुपर्ने प्रतियोगिता पटक पटक मिति सर्दै ५ औँ पटकमा मंसिर १६ देखि आयोजना हुन लागेको हो । कर्णाली प्रदेशमा पहिलोपटक आयोजना हुन लागेको खेल आगामी मंसिर १६ देखि २७ गतेसम्म सञ्चालन हुने छ । यसकालागि संघीय, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार, राष्ट्रिय खेलकुद परिषद् (राखेप) तथा प्रदेश खेलकुद परिषदहरू जुटेका छन् ।

करिब ६ हजार ५ सय खेलाडी सहभागी हुने प्रतियोगितामा ७ वटा प्रदेश, ३ वटा विभागीय टोली र गैरआवासीय नेपाली संघ (एनआरएनए) गरी कुल ११ वटा टोलीको सहभागिता रहनेछ ।

प्रतियोगिताको औपचारिक उद्घाटन मंसिर १६ गते सुर्खेतस्थित कर्णाली प्रदेश रंगशालामा हुनेछ र समापन मंसिर २७ गते हुनेछ । प्रतियोगिता सफल बनाउन १४ वटा उपसमिति छन् । जसमा १० वटा संघीय सरकारले बनाएको छ भने चारवटा प्रदेशमा बनेका छन् ।

आवास तथा यातायात व्यवस्थापनको मुख्य जिम्मेवारी कर्णाली प्रदेश सरकारले लिएको छ । आतिथ्यको जिम्मेवारी वीरेन्द्रनगर नगरपालिकाले सम्हालेको छ भने समग्र प्राविधिक र नीतिगत संयोजन संघीय सरकार तथा राखेपले गरिरहेको छ ।

आवास र व्यवस्थापनमा सहजता ल्याउन औपचारिक उद्घाटनअघि नै मंसिर ८ गते बाट पुरुष तथा महिला क्रिकेट, पुरुष फुटबल, ह्यान्डबल, महिला बास्केटबल, टेनिस र पौडीका प्रतिस्पर्धा सुरु हुने कर्णाली प्रदेश खेलकुद परिषद्ले जनाएको छ ।

प्रतियोगितामा जम्मा ३२ वटा खेल समावेश छन् जसमा २३ खेल त सुर्खेतमै हुनेछन् कर्णालीको राजधानी वीरेन्द्रनगर (सुर्खेत)मा एथ्लेटिक्स, फुटबल, क्रिकेट, भलिबल, हक्की, रग्बी, ब्याडमिन्टन, बास्केटबल, कबड्डी, भारोत्तोलन, ई-स्पोर्टस्, साइक्लिङका प्रतिस्पर्धा हुनेछ ।

यसैगरी कराते, तेक्वान्दो, फुल कन्ट्याक्ट कराते, उसु , बक्सिङ, सेपाकताक्रो, टेबल टेनिस, जिम्न्यास्टिक, ह्यान्डबल, स्वास र आर्चरी पनि सुर्खेतमा हुनेछन् ।

कर्णालीका अन्य ४ जिल्लामा ५ खेलका प्रतिस्पर्धा हुनेछन् । जसमा दैलेखमा आईटीएफ तेक्वान्दो, कालिकोटमा बुद्धिचाल, सल्यानमा जुडो र कुस्ती तथा पश्चिम रुकुममा शारीरिक सुगठनका खेल हुनेछन् ।

यसैगरी लुम्बिनी प्रदेशका बाँके र बर्दियामा ४ खेल हुने आयोजकले जनाएको छ । जसमा नेपालगञ्जमा पौडी र सुटिङ तथा बर्दियामा टेनिस र खो-खो खेलका प्रतिस्पर्धा हुनेछन् यसपटक गल्फ हटाइएको छ भने ई-स्पोर्टस्लाई पहिलोपटक समावेश गरिएको छ ।

खेलाडी छनोट र बन्द प्रशिक्षण कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले बाँकी १४ खेलको प्रदेशस्तरीय छनोट कात्तिक २७ देखि मंसिर ४ सम्म सञ्चालन गर्दै ३१ खेलको बन्द प्रशिक्षण तालिका सार्वजनिक गरेको छ । त्यस्तै मधेश प्रदेश र बागमती लगायतका प्रदेशहरूले पनि छनोट तथा प्रशिक्षण तीव्र पारेका छन् ।

राप्रपाको.....

क्षेत्र, संघीय निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश अधिवेशनबाट निर्वाचित अध्यक्षहरू स्वत: प्रतिनिधि हुनेछन् । पदेन प्रतिनिधिबाहेक अन्य प्रतिनिधि भने सक्रिय सदस्यहरूमध्येबाट छनोट गरिने पार्टीले जनाएको छ । हिमाल, पहाड र तराईको जनसङ्ख्यागत तथा क्षेत्रगत प्रतिशतका आधारमा विधान र निर्देशिकाबमोजिम प्रतिनिधिको सङ्ख्या निर्धारण गरिने व्यवस्था पनि गरिएको छ ।

बाहुनडाँगीका.....

सम्बोधन गर्न दुवै सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी पोस्नरेलले जानकारी दिए । उनका अनुसार जिल्लाबाट थप सुरक्षा जनशक्ति परिचालन गरी स्थानीय समुदायसँगको सहकार्यमा हात्ती नियन्त्रणको प्रयास गरिनेछ ।

यसैबीच, हात्तीबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न स्थानीयले नयाँ सौर्य विद्युतीय तारबार जडान र हात्ती धपाउन ट्याक्टरको प्रयोग बढाउन माग गरेका छन् । शुक्रबार हात्ती नियन्त्रणको प्रयासबारे अनुगमन तथा प्रभावित बासिन्दासँग अन्तरक्रिया गर्न पुगेको टोलीसमक्ष स्थानीयले दीर्घकालीन समाधानका उपाय अघि सारेका हुन् ।

मानव-हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण समितिका अध्यक्ष हरिप्रसाद उप्रेतीले एक दशकअघि जडान गरिएको विद्युतीय तारबार जीर्ण भइसकेकाले नयाँ तारबार आवश्यक रहेको बताए ।

उनका अनुसार भारतबाट दैनिक करिब १०० वटाको संख्यामा आउने हात्तीलाई स्थानीयले रातभर गस्ती गरेर मेची बगरमै रोकने प्रयास गर्दै आएका छन् । बाहुनडाँगीका विभिन्न गौडाबाट प्रवेश गर्ने हात्तीले झापा, मोरङ र सुनसरीसम्म क्षति पुऱ्याइरहेको उनको भनाइ छ ।

मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले पूर्वी सीमा क्षेत्रमा बलियो विद्युतीय घेराबेरा निर्माण गर्न राज्यले प्राथमिकता दिनुपर्ने बताए । स्थानीय राजु दाहालले धानबाली भित्र्याउने समयमा प्रत्येक गौडामा कम्तीमा दुईवटा ट्याक्टर परिचालन गर्न सुझाव दिए । ट्याक्टरको आवाजले हात्ती तर्सिने भएकाले यसको प्रयोग प्रभावकारी हुने उनको भनाइ छ । स्वयंसेवी युवा समूह (आरआरटी) का अगुवा न्युटन कार्कीले सडक नभएका स्वेतबारीमा समेत ट्याक्टर लैजान सकिने भएकाले हात्ती धपाउन उपयोगी भएको बताए ।

स्थलगत अवलोकनपछि वडाध्यक्ष कार्कीको पहलमा किसान, संघसंस्थाका प्रतिनिधि र सुरक्षा निकायका प्रमुखबीच अन्तरक्रियासमेत भएको थियो । सो अवसरमा प्रमुख जिल्ला अधिकारी पोस्नरेलले हात्ती नियन्त्रणमा खटिएको सुरक्षा टोलीलाई टर्चलाइट र हाते माइक हस्तान्तरण गरेका थिए । ती सामग्री वडाध्यक्षको पहलमा प्राप्त भएका हुन् । हाल बाहुनडाँगी क्षेत्रमा सशस्त्र प्रहरी, नेपाल प्रहरी, डिभिजन वन कार्यालयका कर्मचारी र स्थानीय युवाको टोली परिचालन गरिएको छ । हात्ती आएको सूचना प्राप्त हुनासाथ संयुक्त टोली तत्काल परिचालन हुने गरेको प्रमुख जिल्ला अधिकारी पोस्नरेलले बताए ।

नेपालको.....

भ्रष्टाचारविरुद्धको छानविन कुनै राजनीतिक प्रतिशोध वा पूर्वाग्रहभन्दा माथि उठेर निष्पक्ष र विधिको शासनमा आधारित हुनुपर्छ ।

राजनीतिक परिवर्तनको वास्तविक प्रतिफल जनताको अर्थतन्त्रमा झल्किनुपर्छ । कृषिलाई आधुनिकीकरण नगरी, पर्यटन, जलविद्युत् र सूचना प्रविधिलाई प्राथमिकता नदिई देशलाई परनिर्भरता बाट मुक्त गर्न सकिदैन । वैदेशिक रोजगारीको बाध्यात्मक अन्त्यका लागि स्वदेशमै उत्पादनमूलक क्षेत्रमा लगानी र रोजगारीका अवसर सिर्जना गर्नुपर्छ । यस्तै, लोकतन्त्रको अर्को अपरिहार्य सर्त बलियो प्रतिपक्ष र उत्तरदायी सरकारबीचको स्वस्थ सम्बन्ध हो । प्रतिपक्षको काम सरकारलाई असफल बनाउने होइन, बरु सचेत गराउने हो भने बहुमतको अर्थ निरंकुशता होइन, परिपक्व उत्तरदायित्व हो । संघीयताको प्रभावकारिता पनि अब भावनात्मक नाराभन्दा आर्थिक सबलस्वावलम्बन र प्रशासनिक उत्तरदायित्वका आधारमा समीक्षा गरिनुपर्छ ।

अन्त्यमा, देश बदल्ने जिम्मा केवल नेता र मन्त्रीहरूको मात्र होइन, यो लोकतन्त्रका वास्तविक मालिक भनिएका सचेत नागरिकहरूको पनि उत्तिकै हो ।

जबसम्म जनता केवल मतदाताबाट सचेत पहरेदार बन्दैनन्, तबसम्म पात्र परिवर्तन भए पनि प्रवृत्ति परिवर्तन हुन कठिन हुन्छ । त्यसैले, अबको नेपाली राजनीतिमा व्यक्तिको अनुहार फेरिनु मात्र ठूलो कुरा होइन, शासकीय सोच, राजनीतिक संस्कार र न्यायपूर्ण कार्यशैलीमा आमूल रूपान्तरण ल्याउन सक्नु नै आजको राष्ट्रिय आवश्यकता हो ।

लागूऔषधसहित.....

रजन शंकरलाई २७० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ । पक्राउ परेका सबै जनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरीमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

◆ प्रकाशक : कल्याणी दाहाल ◆ सम्पादक : मञ्ज बहादुर दाहाल ◆ लेआउट : सुरेन बस्नेत ◆ मुद्रण अमरज्योति अफसेट प्रेस, दमक-११, ◆ कार्यालय : दमक-५, एलम्बर चौक, ◆ सम्पर्क ०२३-५८०१७२ ◆ इमेल : janajoytiweekly01@gmail.com